# कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शितघर तथा दुग्ध चिस्यान केन्द्रमा लाग्ने विद्युत महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धि कार्यविधि २०७५

(श्रीमान सचिवज्यूद्वारा २०६५।०८।०३ मा स्वीकृत)

कृषि उपजहरुको गुणस्तर कायम गर्न, उत्पादन उप्रान्त क्षति न्यूनिकरण गर्न तथा स्थानिय कृषि उपजहरुको बाह्रै महिना उपलब्धता सुनिश्चित गरी आयात प्रतिस्थापन गर्न शित भण्डारहरुको निर्माण तथा कृषि उपजहरुको भण्डारण कार्यमा सरकारले कृषक समूह, सहकारी तथा निजी उद्दमीहरुलाई प्रोत्साहन गर्ने नीति लिएको छ। नेपाल सरकार मन्त्रिपरिषदको मिति २०५४/१२/०६ को निर्णयानुसार कृषि व्यवसायमा आधारित शित गृह र दुग्ध चिस्यान केन्द्रहरुको विद्युत महशुलमा ५० प्रतिशत नेपाल सरकारबाट अनुदान दिने नीति अनुसार व्यवसायिक तथा बजारमुखी उत्पादनहरुलाई बजार र उपभोक्ताको माग अनुसार आपूर्तिलाई सहज, प्रतिस्पर्धी तथा गुणस्तरिय बनाउने अभिप्रायले शितघर तथा दुग्ध चिस्यान केन्द्रमा प्रयोग हुने विद्युतमा अनुदान दिने सम्बन्धी कार्यक्रम सञ्चालन गर्न वान्छनिय भएकोले यो कार्यविधि तयार गरी लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "कृषि उपज भण्डारणका लागि प्रयोग गरिने शितघर तथा दूध चिस्यान केन्द्रमा लाग्ने विद्युत महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धि कार्यविधि २०७५" रहेको छ ।

ख) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भए पश्चात् लागु हुने छ।

**१.२ परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कृषि उपज" भन्नाले व्यवसायिक रुपमा उत्पादन भई स्वदेशमा खपत हुने वा विदेशमा निर्यात गर्न सकिने कृषि जन्य बस्तु भन्ने सम्झनु पर्छ । यस कार्यविधिमा कृषि उपज भनेको आलु (बीउ तथा खायन), फलफूल, तरकारी, मसलावाली, मह, च्याउ तथा फूल (flowers) भन्ने सम्झनु पर्दछ।

ख) "दूध चिस्यान केन्द्र" भन्नाले कच्चा दुधलाई संकलन गरी प्रशोधन वा बिक्रि वितरणमा लानु अगाडि दुधको आयु बढाउन, दुध बिग्रिन नदिनका लागि चिसोमा राख्ने चिलिंग भ्याट सहितको केन्द्र भन्ने बुझिन्छ ।......

ग) "शितघर" भन्नाले प्राविधिक रुपमा तापक्रम, आद्रता लगायतका भण्डारण वातावरण कायम गरी तयार भएको पूर्वाधार भन्ने सम्झनु पर्दछ, जहाँ कृषि उपजहरु आवश्यक पर्दा निश्चित समय सम्मका लागि गुणस्तर कायम हुने गरी भण्डारण गरिन्छ ।

घ) "सञ्चालक" भन्नाले शितघर तथा दूध चिस्यान केन्द्र सञ्चालन गर्ने उदेश्यले सम्बन्धित निकायमा प्रचलित नियम अनुसार दर्ता भएका कृषक समूह, सहकारी, निजी उद्यमी, तथा कम्पनीहरुलाई सम्झनु पर्दछ ।

ङ) "विद्युत महसुल" भन्नाले शितघर तथा दुग्ध चिस्यान केन्द्र सञ्चालनमा प्रयोग हुने विद्युत वापतको नेपाल विद्युत प्राधिकरणको शुल्कलाई सम्झनु पर्दछ ।

च) "कार्यक्रम" भन्नाले शितघरमा कृषि उपज भण्डारण गर्दा तथा दुग्ध चिस्यान केन्द्रमा दुग्ध प्रशोधन गर्दा प्रयोग/खपत हुने विद्युतमा दिइने अनुदान सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

छ) "विभाग" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि विभाग र पशु सेवा विभाग भन्ने सम्झनु पर्दछ ।

ज) "कार्यक्रम सञ्चालन गर्ने शाखा" भन्नाले कृषि विभाग तर्फ कृषि प्रविधि विस्तार तथा समन्वय महाशाखा अन्तर्गत रहेको कृषि इन्जिनियरिङ्ग तथा पोष्ट हार्भेष्ट शाखा र पशु सेवा विभागतर्फ राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यलय भन्ने सम्झनु पर्दछ ।

१.३ कार्यक्रम सञ्चालनको उद्देश्य : यस कार्यक्रम सञ्चालनका उद्देश्य देहाय अनुसार रहेको छ।

क) कृषि उपज भण्डारणमा प्रोत्साहन गर्ने र दिगो रुपमा शितघर सञ्चालनका लागि सहयोग पुर्याउने ।

ख) स्थानीय स्तरमा दुग्ध संकलन, चिस्यान केन्द्र स्थापना तथा सञ्चालनमा सहयोग पुर्याउने ।

ग) दुग्ध चिस्यान केन्द्र तथा शितघरमा कृषि उपज भण्डारण गर्दा प्रयोग हुने विद्युतमा सञ्चालकले तिर्ने महशूलमा अनुदानको व्यवस्था गरी भण्डारण सुविधाको सुलभता गराई उत्पादनलाई प्रोत्साहन गर्ने ।

घ) शितघर संचालन मार्फत कृषि उपजहरुलाई प्रयाप्त भण्डारण सुविधा उपलब्ध गराई उपभोक्तालाई गुणस्तरीय कृषि उपजहरुको उपलब्धता सुनिश्चित गर्ने ।

ङ) कृषिमा संलग्न व्यवसायी तथा उद्यमीहरुलाई प्रोत्साहित गर्ने तथा भण्डारण जोखिम न्यूनिकरणमा सहयोग गर्ने ।

च) भण्डारण सुविधाको विकास मार्फत कृषि उपजको मुल्य अभिवृद्धि गर्दै वेमौसमी उपलब्धता गराउनमा सहयोग गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन प्रक्रिया

२.१ कार्यक्रम कार्यान्वयनः यस कार्यक्रमको कार्यान्वयन देहाय अनुसार हुनेछ ।

क) यस कार्यक्रम सञ्चालनका लागि कृषि विभागतर्फ प्राविधिक सम्पर्क (Focal) ईकाइको रुपमा कृषि विभाग, प्रविधि तथा समन्वय महाशाखा अन्तर्गत रहेको कृषि ईन्जिनियरिङ् तथा पोष्ट हार्भेष्ट शाखा रहनेछ भने पशु सेवा विभागतर्फ राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यलय रहने छन ।

ख) शितघर तथा दुग्ध चिस्यान केन्द्र संचालकहरुले शितघर तथा दुग्ध चिस्यान केन्द्रमा प्रयोग हुने विद्युत महशुलको अनुदानका लागि नेपाल विद्युत प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

ग) नेपाल विद्युत प्राधिकरणले शितघर तथा दुग्ध चिस्यान केन्द्र सञ्चालनमा खपत भएको विद्युत महसुलको बाँकी तथा चालु आ.व.को भुक्तानी हुन बाँकी रकमको माग गर्दा सो को विवरण संबन्धित विभागमा उपलब्ध गराउनु पर्ने छ ।

घ) शितघर तथा दुग्ध चिस्यान केन्द्रहरुले खपत गरेको विद्युत युनिटको आधारमा नेपाल विद्युत प्राधिकरणले पेश गरे अनुसारको जम्मा विद्युत महसुलको ५०% अनुदान रकम (जरिवाना बाहेक) विभागिय निर्णय अनुसार उपलब्ध गराईनेछ।

ङ) कार्यक्रममा सहभागी हुने शितघर तथा दुग्ध चिस्यान केन्द्रका सञ्चालकहरु छनौट गर्दा यो कार्यविधि अन्तर्गत कार्यक्रम संचालन हुनु अगावै नेपाल सरकार वा अन्य कुनै निकायहरु (संघ संस्था)बाट प्रदान गरिएको विद्युत महसुल अनुदान प्राप्त नगरेका शितघर तथा दुग्ध चिस्यान केन्द्रका सञ्चालकहरुलाई मात्र उक्त अनुदान दिईनेछ ।

च) शितघर तथा दुग्ध चिस्यान केन्द्र सञ्चालनको अवस्था बारे आवश्यता अनुसार सम्बन्धित विभागले अनुगमन गर्न सक्ने छ ।

२.२ भुक्तानी प्रकृया : यस कार्यक्रमको भुक्तानी प्रकृया देहाय अनुसार हुनेछ ।

क) नेपाल विद्युत प्राधिकरणले विद्युत महसुल अनुदान रकम माग गरी पेश गरे अनुसारको अनुदान वापतको महसुल रकम नेपाल विद्युत प्राधिकरणलाई सम्बन्धित विभागिय निर्णय अनुसार भुक्तानी दिइने छ ।

ख) नेपाल विद्युत प्राधिकरणले पेश गरेको बाँकी तथा चालु आ.व.मा भुक्तानी हुनुपर्ने अनुदान रकम हाल सञ्चालनमा रहेका तथा आगामी वर्षहरुमा निर्माण भई सञ्चालनमा आउने शितघर तथा दुग्ध चिस्यान केन्द्रहरुलाई प्रदान गरिनेछ ।

ग) विद्युत महसुल भुक्तानी गर्दा नेपाल विद्युत प्राधिकरणलाई जरिवाना बाहेकको जम्मा विद्युत महसुल रकमको ५०% अनुदान प्रदान गरिनेछ। जरिवाना बापतको रकम विभागले ब्यहोर्ने छैन।

घ) शितघर तथा दुग्ध चिस्यान केन्द्र सञ्चालकले आफुले पाउने विद्युत महशुल छुट वा अनुदान रकमको जानकारी फ्लेक्स मार्फत अनिवार्य रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद ३

## अनुगमन तथा मुल्याङ्कन व्यवस्था

३.१ संञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कनको कार्य कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, पशुसेवा विभाग, प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र स्थानिय तहमा रहेको कृषि तथा पशुपन्छी हेर्ने शाखाबाट हुनेछ ।

३.२ कार्यक्रमको फिल्ड अनुगमन तथा वैठक व्यवस्थापन आदि कार्यहरुको लागि आवश्यक बजेट व्यवस्थापन स्वीकृत बजेटको बढीमा १ प्रतिशत कन्टिन्जेन्सी वापत हुन आउने रकमबाट गरिने छ।

## परिच्छेद–४

## विविध

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

### ४.१ दोहोरो सुविधा लिन नपाउने :

प्रस्तावित अनुदान कार्यक्रमका लागि अन्य कुनै संस्था वा बैंकबाट सोही प्रयोजनका निम्ती अनुदान प्राप्त गरेको पाईएमा यस कार्यक्रममा समावेश हुन पाउने छैन वा दोहोरो सुविधा लिन पाउने छैन । यस विपरीत हुने गरी कुनै अनुदान लिईएको पाइएमा त्यस्तो शितघर तथा दुग्ध चिस्यान केन्द्र सञ्चालकबाट दोहोरो परेको जति विगो बराबर असुल उपर गरिनेछ र सम्बन्धित शितघर सञ्चालकलाई यस कार्यक्रमको प्रयोजनका लागि ५ वर्षसम्म सुविधा लिनबाट बञ्चित गरिन्छ ।

### ४.२ कार्यविधिमा हेरफेर गर्न सक्ने :

यस कार्यविधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकताका अनुसार परिमार्जन गर्न सक्नेछ ।

### ४.३ कानुन बमोजिम हुने :

यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य यससँग सम्बन्धित विषयमा प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

सचिव